# राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) खुला र समावेशी पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

## सूचना नं. ४३३/०७५-७६

राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) नायब सुब्बा वा सो सरहका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ ।

### (क) लोक सेवा आयोग, धनकुटा कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १०००२/०७५-७६ | खुला | क. | न्याय | न्याय | १२ (बाह्र) |
| | | | | | जम्मा माग पदसंख्या | १२ (बाह्र) |
| २. | १०००३/०७५-७६ | महिला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ३. | १०००४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| ४. | १०००५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ५. | १०००६/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ६. | १०००७/०७५-७६ | अपाङ्ग | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

### (ख) लोक सेवा आयोग, जलेश्वर कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | ११३०२/०७५-७६ | खुला | क. | न्याय | न्याय | १३ (तेह्र) |
| | | | ख. | न्याय | सरकारी वकिल | ४ (चार) |
| | | | | | जम्मा माग पदसंख्या | १७ (सत्र) |
| २. | ११३०३/०७५-७६ | महिला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| ३. | ११३०४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| ४. | ११३०५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ५. | ११३०६/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक |
| ६. | ११३०७/०७५-७६ | अपाङ्ग | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक |

### (ग) लोक सेवा आयोग, काठमाडौं कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | ११९०२/०७५-७६ | खुला | क. | न्याय | न्याय | १३ (तेह्र) |
| | | | ख. | न्याय | सरकारी वकिल | ५ (पाँच) |
| | | | ग. | परराष्ट्र | - | ६ (छ) |
| | | | घ. | लेखापरीक्षण | - | २४ (चौबीस) |
| | | | ङ. | व्यवस्थापिका संसद | सा.प्र. | ७ (सात) |
| | | | | | जम्मा माग पदसंख्या | ५५ (पचपन्न) |
| २. | ११९०३/०७५-७६ | महिला | क. | न्याय | न्याय | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | ग. | परराष्ट्र | | २ (दुई) |
| | | | घ. | लेखापरीक्षण | - | ७ (सात) |
| | | | ङ. | व्यवस्थापिका संसद | सा.प्र. | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १५ (पन्ध्र) |
| ३. | ११९०४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | ग. | परराष्ट्र | | १ (एक) |
| | | | घ. | लेखापरीक्षण | - | ६ (छ) |
| | | | ङ. | व्यवस्थापिका संसद | सा.प्र. | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १२ (बाह्र) |
| ४. | ११९०५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | परराष्ट्र | | १ (एक) |
| | | | ग. | लेखापरीक्षण | - | ४ (चार) |
| | | | घ. | व्यवस्थापिका संसद | सा.प्र. | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ९ (नौ) |
| ५. | ११९०६/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | ग. | लेखापरीक्षण | - | १ (एक) |
| | | | घ. | व्यवस्थापिका संसद | सा.प्र. | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| ६. | ११९०७/०७५-७६ | अपाङ्ग | क. | लेखापरीक्षण | - | १ (एक) |
| | | | ख. | व्यवस्थापिका संसद | सा.प्र. | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ७. | ११९०८/०७५-७६ | पिछडिएको क्षेत्र | क. | परराष्ट्र | | १ (एक) |
| | | | ख. | लेखापरीक्षण | | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |

### (घ) लोक सेवा आयोग, पोखरा कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १२८५२/०७५-७६ | खुला | क. | न्याय | न्याय | ४ (चार) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| २. | १२८५३/०७५-७६ | महिला | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ३. | १२८५४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ४. | १२८५५/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

### (ङ) लोक सेवा आयोग, बुटवल कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १३८०२/०७५-७६ | खुला | क. | न्याय | न्याय | ८ (आठ) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ९ (नौ) |
| २. | १३८०३/०७५-७६ | महिला | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ३. | १३८०४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ४. | १३८०५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ५. | १३८०६/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

### (च) लोक सेवा आयोग, सुर्खेत कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १४७५२/०७५-७६ | खुला | क. | न्याय | न्याय | ४ (चार) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| २. | १४७५३/०७५-७६ | महिला | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ३. | १४७५४/०७५-७६ | मधेसी | क. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ४. | १४७५५/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

### (छ) लोक सेवा आयोग, दिपायल कार्यालय

| क्र.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १५७०२/०७५-७६ | खुला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | ५ (पाँच) |
| २. | १५७०३/०७५-७६ | महिला | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ३. | १५७०४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ४. | १५७०५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

परीक्षाको किसिम :- लिखित, सूचना प्रविधि सीप परीक्षण र अन्तर्वार्ता ।

परीक्षा केन्द्र :-

- प्रथम चरण: केन्द्रीय कार्यालय बाहेक आयोगका सबै कार्यालयहरु । साथै लोक सेवा आयोग जलेश्वर कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र सिराहा जिल्लाको लाहान र पर्सा जिल्लाको वीरगञ्जमा तथा लोक सेवा आयोग, सुर्खेत कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र डोल्पा र हुम्ला जिल्लाको सदरमुकाममा समेत कायम गरी परीक्षा संचालन गरिनेछ ।
- द्वितीय चरण: आयोगका धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयले तोके बमोजिम

**दरखास्त दस्तुर :-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनु पर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. २००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** <u>अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :</u>

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने भौचर स्लिपको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ Online Payment button मा Click गरेपछि देखिने भौचरसँग रहेको Connect IPS Radio button मा Click गरी "रकम भुक्तानी गर्नुहोस्" बटनमा click गर्ने । त्यसपछि आउने स्किनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ। Connect IPS को सेवा प्रयोग गर्न www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी अनलाईन मार्फत् परीक्षा दस्तुर बुझाउन सकिनेछ।

<u>नगदै दरखास्त दस्तुर बुझाउने विधि :</u>

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने भौचर स्लिपको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ **राष्ट्रिय वाणिज्य बैंक वा ग्लोबल आई.एम.ई. बैङ्क** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ। सो पश्चात् देखिने भौचरको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ। उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले भौचरमा कारोबार संकेत नं उल्लेख भएको निश्चित गरी सो भौचर साथै लिइ बैंकमा जानुपर्नेछ। उल्लेखित बैङ्कहरुका नेपाल भरिका कुनै पनि शाखाहरुबाट नगद बुझाउन सकिने छ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको बैंक/कार्यालयमा परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.psc.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु :-** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

**दरखास्त दिने अन्तिम मिति :-** २०७५/१०/१५ सम्म. र दोब्बर दस्तुर तिरी २०७५/१०/२२ सम्म।

**उम्मेदवारको उमेरको हद :-**
- २०७५/१०/१५ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको।
- वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति:-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी।

**तलब:-** प्रचलित कानून बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय।

## संयुक्त र एकीकृत लिखित परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम चरण : | | | |
| प्रथम पत्र (सबै सेवा समूहको लागि) | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०७५/११/१८ | दिनको ११:०० बजे |
| द्वितीय चरण : *(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | सामाजिक आर्थिक अवस्था | २०७६/०१/०७ | दिनको ११:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | ऐच्छिक विषय | २०७६/०१/०७ | दिनको ३:०० बजे |
| चतुर्थ पत्र (परराष्ट्र सेवाको लागि मात्र) | अंग्रेजी भाषा र कूटनैतिक विषय | २०७६/०१/०८ | दिनको २:०० बजे |

## आवश्यक न्यूनतम योग्यता:

निजामती सेवा ऐन, २०४९ को दफा १० र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ तथा व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम १४ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ।

१) **नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूहको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२) **नेपाल परराष्ट्र सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३) **नेपाल लेखापरीक्षण सेवाको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४) **व्यवस्थापिका संसद सेवा, सामान्य प्रशासन समूहको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

### ऐच्छिक/प्राज्ञिक विषयहरुको सूची (List of Optional Academic Papers)

| क्र.सं. | विषय (Subject) | क्र.सं. | विषय (Subject) |
|---|---|---|---|
| १ | अर्थशास्त्र (Economics) | ४ | राजनीतिशास्त्र (Political Science) |
| २ | शिक्षा (Education) | ५ | जनसंख्या अध्ययन (Population Studies) |
| ३ | व्यवस्थापन र लेखा (Management & Accountancy) | ६ | विज्ञान (Science) |

**नोट : ऐच्छिक प्राज्ञिक विषय छनौट गर्दा उम्मेदवारले माथि उल्लेखित विषयहरुमध्येबाट कुनै एउटा मात्र छान्नु पर्नेछ। यस्ता विषय छनौट गर्दा विश्वविद्यालय/उच्च माध्यमिक शिक्षा परिषदमा सोही विषयमा अध्ययन गरेकै हुनुपर्ने अनिवार्यता हुने छैन।**

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

१) प्रथम चरण (First Phase) को परीक्षामा उत्तीर्ण हुनको लागि प्रथम चरणको पूर्णाङ्कको ४० (चालीस) प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ। प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको सतप्रतिशत अंक द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्कमा जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

२) अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको सम्बन्धी पूर्णाङ्क देहाय बमोजिम हुनेछ।

| विषय | पूर्णाङ्क |
|---|---|
| कम्प्युटर सीप परीक्षण | १० |
| व्यक्तिगत अन्तर्वार्ता | ४० |
| व्यक्तिगत अन्तर्वार्ता (नेपाल परराष्ट्र सेवाको लागि) | ५० |

३) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ। (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन।)

४) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

५) लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। सेवा, समूह तथा कार्यालयको प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।

६) समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

७) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ (तर अन्तर्वार्ताको पूर्णाङ्क फरक हुने (परराष्ट्र सेवाको पदको हकमा) अन्तर्वार्ता छुट्टै सञ्चालन हुनेछ।) सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

८) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिसको आधारमा।

(च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईंसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईंसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईंसराइ गरेको खुल्ने कागजात।

## द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।
*तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।*

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन।

(ज) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।

(बाँकी पृष्ठ १३ मा)

पृष्ठ १२ को बाँकी

# लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### सूचना नं. ४२९/०७५-७६

### दरखास्त स्वीकृतीका लागि अपाङ्गता तथा शैक्षिक योग्यताको प्रमाणपत्र अपलोड गर्ने सम्बन्धमा

लोक सेवा आयोगबाट सञ्चालन हुने विभिन्न परीक्षाहरुमा दरखास्त स्वीकृत गर्ने सम्बन्धमा आयोगको मिति २०७५।०९।१६ को निर्णयबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आयोगबाट प्रकाशित विज्ञापनमा समावेशी समूह अन्तर्गतको अपाङ्ग समूहमा दरखास्त फाराम भर्न आवश्यक पर्ने अपाङ्गता परिचयपत्रको हकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा समेत दरखास्त स्वीकृत गर्ने ।

२. आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस/ विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज व्यक्ति उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्र साथ उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम भर्न सक्ने र सोका आधारमा दरखास्त स्वीकृत गर्ने । उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणहरु जारी हुना साथ अपलोड गर्नुपर्ने ।

## परीक्षा सञ्चालन शाखा(सु. नि. तथा सं.स.)

### सूचना नं. ४३०/०७५-७६

### परीक्षा रद्द गरी निलम्बन गरिएको सूचना

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, परीक्षा सञ्चालन शाखा (सु.नि.तथा सं.स.) अनामनगर र सुर्खेत कार्यालय, वीरेन्द्रनगरद्वारा सञ्चालित सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पदको प्रतियोगितात्मक लिखित परीक्षामा देहाय बमोजिमका उम्मेदवारले अनियमित कार्य गरेको हुनाले आयोगको मिति २०७५/९/१२ को निर्णयानुसार निजहरुलाई कारवाही गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | रोल नं | उम्मेदवारको नाम थर र ठेगाना | बाबु/बाजेको नाम | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|
| १ | ७/०७५-७६ | १०१२० | बलबहादुर चन्द, साबिक घेत्मा-२, रुकुम | धरु/गोर्खु | आफनो उत्तरपुस्तिकामा दिनेश कुमार मल्लको नाम रोल नं. लेखि सच्चाईएको | निज उम्मेदवारहरुको उक्त विज्ञापनको परीक्षा रद्द गरी उल्लेखित परीक्षामा अनियमितता गरेको मिति २०७५/८/२९ देखि लागू हुने गरी ५ (पाँच) बर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गरिएको । |
| २ | | १०११९ | दिनेशकुमार मल्ल, साबिक घेत्मा-२, रुकुम | सर्पु/लालु | आफनो उत्तरपुस्तिकामा बलबहादुर चन्दको नाम रोल नं. लेखि सच्चाईएको | |
| ३ | | ६११५७ | मान बुढा, चौकुने गा.पा.-१, सुर्खेत | हरिचन्द्र/असौजे | आपसी सहमतीमा उत्तरपुस्तिकामा नाम सच्चाई एक अर्काको सिटमा बसेको र परीक्षा सम्पन्न भए पछि पुन: नाम सच्याउन अनुरोध गरेको | |
| ४ | | ६११५९ | तेज बहादुर बुढा, चौकुने गा.पा.-१, सुर्खेत | हरिचन्द्र/असौजे | | |
| ५ | | ६१०९३ | नरेन्द्र अधिकारी, गेला-९, कालिकोट | शिवचन्द्र/नन्दप्रसाद | परीक्षा हलमा मोबाइल फोन प्रयोग गरेको | निज उम्मेदवारको उक्त विज्ञापनको परीक्षा रद्द गरी उल्लेखित परीक्षामा अनियमितता गरेको मिति २०७५/८/२९ देखि लागू हुने गरी २ (दुई) बर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गरिएको । |

www.psc.gov.np